# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

## आ.व.२०८१/८२ को सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी फर्म नवीकरण गर्ने सम्बन्धी सूचना

मिति: २०८१ असार २५

यस संस्थाका सदस्यहरुलाई समयमै आफ्नो सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी फर्मको नवीकरण गर्नुहुन यसै सूचना मार्फत सूचित गरिन्छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमवाली, २०६१ अनुसार नविकरण सम्बन्धी व्यवस्था निम्नानुसारको रहेको व्यहोरा सम्पूर्ण सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| नियम | नविकरणको समयावधि | अतिरिक्त शुल्क सम्बन्धी व्यवस्था |
|---|---|---|
| ४६(१), ५०(२), ५९(३) | आर्थिक वर्ष शुरु भएको मितिले ६० दिन भित्र | कुनै अतिरिक्त शुल्क नलाग्ने |
| ४६(२), ५०(३), ५९(४) | आर्थिक वर्ष शुरु भएको मितिले ६१ दिन देखि १२० दिन सम्म | १५ प्रतिशत अतिरिक्त शुल्क लाग्ने |
| ४६(२), ५०(३), ५९(४) | आर्थिक वर्ष शुरु भएको मितिले १२१ दिन देखि १८० दिन सम्म | २५ प्रतिशत अतिरिक्त शुल्क लाग्ने |
| ४६(३), ५०(४), ५९(५) | आर्थिक वर्ष शुरु भएको मितिले १८० दिन पछि | सदस्यको सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको दर्ता प्रमाणपत्र स्वत: रद्द हुनेछ |

**नविकरणको लागि अन्य आवश्यक जानकारी निम्नानुसार रहेको छ :**

१. स्वदेश तथा विदेशमा रहनुभएका सदस्यहरुले संस्थाको **Website** मा रहेको **Member Login Portal** भित्र गई **Online Renewal** गर्दा **E-sewa, Connect IPS** र कार्डबाट भुक्तानी गरी नवीकरण गर्न सकिनेछ ।

२. सदस्यता नवीकरण गर्नको लागि सदस्यहरुले प्रत्येक वर्ष न्युनतम १५ क्रेडिट आवर र तीन वर्षमा ६० क्रेडिट आवर बराबरको सि.पि.ई. पुरा गरेको हुनुपर्नेछ । साथै पेशागत प्रमाणपत्र लिएका चार्टर्ड एकाउन्टेन्ट र 'ख' तथा 'ग' वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले प्रत्येक वर्ष न्युनतम ३० क्रेडिट आवर र तीन वर्षमा १२० क्रेडिट आवर तथा 'घ' वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले प्रत्येक वर्ष न्युनतम २० क्रेडिट आवर र तीन वर्षमा ९० क्रेडिट आवर बराबरको सि.पि.ई. पुरा गरेको हुनु पर्नेछ ।


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

३. देशभित्र रहेका सम्पूर्ण सदस्यहरुको सदस्यता तथा पेशागत प्रमाणपत्र नविकरण गर्न **Biometric** विवरण अद्यावधिक गरेको हुनुपर्ने र लेखा व्यवसायी फर्म नविकरण गर्न आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

Biometric विवरणको लागि कार्यालय समयभित्र संस्थाको मुख्य कार्यालय (सातदोवाटो, ललितपुर) वा शाखा कार्यालयहरु धनगढी, बुटवल, पोखरा, नेपालगंज, वीरगंज र विराटनगरमा सम्पर्क गर्न सकिनेछ । Biometric विवरण अद्यावधिक गर्न संस्थावाट जारी गरिएको सदस्यता परिचयपत्र/फोटो भएको सदस्यता प्रमाणपत्र/पेशागत प्रमाणपत्र र नागरिकता/सवारी चालक अनुमतिपत्र/नागरिक परिचयपत्र/राहदानी सहित भौतिक रुपमा स्वयं उपस्थित हुनु पर्नेछ ।

**साथै, पहिले Biometric विवरण अद्यावधिक गरिसकेका सदस्यहरुले पुन: Biometric विवरण अद्यावधिक गर्नु पर्ने छैन ।**

४. सम्पूर्ण सदस्यहरुले नविकरण गर्नुभन्दा अगाडि अनिवार्य रुपमा आफ्नो **Know Your Member (KYM)** अद्यावधिक गर्नु पर्नेछ ।

**यस सम्बन्धी आवश्यक जानकारीको लागि इमेल member@ican.org.np वा सम्पर्क नं ५४३०८३२ / ५४३०७३० Ext १०८/२११/२१३ र संस्थाको शाखा कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।**

विनोद प्रसाद न्यौपाने
निर्देशक
प्रशासन विभाग

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np